नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

# प्रेस विज्ञप्ति

मुलुकका करिव छ हजार भन्दा बढी साना ठूला खोलानालाहरुको कारण अलग-अलग अवस्थित मानव वस्तीहरुलाई जोड्न हालसम्म नेपालमा सात हजार पाँचसय भन्दा बढी झोलुङ्गेपुलहरुको निर्माण सम्पन्न भइ सकेको छ। केही तराई र हिमाली जिल्लाहरु छोडेर एक दशक भन्दा पहिले गरिएको आवश्यकता सर्वेक्षण अनुसार नेपालमा करीव दस हजार झोलुङ्गेपुल निर्माण गर्नु पर्ने देखिन्छ। ती नसमेटिएका जिल्लाहरु समेतको आवश्यकता र बनीसकेका झोलुङ्गेपुलहरुको संख्यालाई समेत आंकलन गर्दा प्रमुख नदी तर्ने घाटहरुमा (major river crossings) अब करिव थप दुई हजार चारसय झोलुङ्गेपुल निर्माण गर्नु पर्ने देखिन्छ।

पुलको अभावमा जोखिमयुक्त एवं कष्टपूर्ण यात्रा गर्न बाध्य नेपालीहरुलाई एक घण्टा भन्दा बढी फेरो लगाएर नदी तर्न नपर्ने गरी सुगमता प्रदान गर्न नेपाल सरकारले तीन बर्ष भित्र सम्भाव्य सवै ठाउंमा झोलुङ्गेपुल निर्माण सम्पन्न गर्ने लक्ष्य लिएको छ। यसका निम्ति आवश्यक वित्तीय व्यवस्था सहितको कार्य प्रारम्भ भइसकेको छ।

उक्त महत्वाकांक्षी लक्ष्य हासिल गर्न तीनै तहका सरकारको श्रोत परिचालनमा साझेदारी तथा कार्यान्वयनमा सहकार्य एवं समन्वय अभिवृद्धि गर्न मौजुदा संवैधानिक र प्रचलित कानुनी व्यवस्था अनुसार झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रम संचालक समिति (PSC) ले तहगत जिम्मेवारीलाई थप स्पष्ट पारेको छ। जस अनुसार: राष्ट्रिय रणनीति तर्जुमा, क्षेत्रगत कार्यक्रमको योजना तर्जुमा तथा रकम विनियोजन, अन्तर्राष्ट्रिय वोलपत्रको प्रकृया र अन्तर-देशीय, जटिल एवं अत्याधुनिक प्रविधियुक्त झोलुङ्गेपुलहरुको निर्माणको कार्यभार संघीय सरकारले वहन गर्नेछ। झोलुङ्गेपुलको प्रादेशिक योजना तर्जुमा, प्रादेशिक बजेट तथा अन्य श्रोत साधन विनियोजन, निर्माण सामाग्रीको भण्डारण एवं व्यवस्थापन, स्थानीय तहको अनुरोध वमोजिम स्टिल पार्टस खरिद, विशिष्ट लम्वाईका झोलुङ्गेपुल निर्माणर स्थानीय तहलाई आवश्यकता अनुसार प्राविधिक सहयोग उपलव्ध गराउने कार्य प्रदेश तहबाट हुनेछ। यसैगरी उपभोक्ता समिति मार्फत् स्थानीय गै.स.स. परिचालन गरी १२० मिटर लम्वाइ सम्मको छोटो तरीको झोलुङ्गेपुल निर्माण, निर्माण व्यवसायी परिचालन मार्फत् १२० मी. लम्वाइभन्दा बढीको लामो तरीको झोलुङ्गेपुल निर्माण र स्थानीय तहको आफ्नै श्रोतबाट झोलुङ्गेपुलहरुको नियमित मर्मत सम्भार कार्यान्वयन गर्ने कार्य स्थानीय तहमा रहने व्यवस्था मिलाइएको छ।

झोलुङ्गेपुल निर्माण योजना कार्यान्वयनको लागि सवै तहमा प्राविधिक सेवा उपलव्ध गराउने, सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने र गुणस्तर सुनिश्चितताको लागि आवश्यक सहयोग प्रदान गर्ने कार्य नेपाल तथा स्वीस सरकार वीच सम्पन्न झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रम सम्वन्धी सम्झौता अनुरुप स्थापित झोलुङ्गेपुल सहयोग इकाईबाट हुनेछ। यस आ.व. मा निर्माणाधीन ६५८ झोलुङ्गेपुलहरुमा नियमित प्राविधिक सेवा दिनुको साथै यसै बर्ष कार्यान्वयनका लागि सूचीकृत झण्डै ७०० झोलुङ्गेपुलहरुको विस्तृत परियोजना प्रतिवेदन समेत झोलुङ्गेपुल सहयोग इकाईले आफ्नै श्रोत साधन परिचालनबाटतयार गरी सम्वन्धित प्रदेश सरकार वा स्थानिय तहलाई हस्तान्तरण गर्नेछ। उल्लिखित जिम्मेवारीहरु सहज रुपमा अगाडि बढाउन, संघीय सरकारको प्रतिनिधी, प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय र झोलुङ्गेपुल सहयोग इकाई वीच त्रिपक्षीय समझदारी पत्रमा हस्ताक्षर गर्ने कार्य समेत अघि बढिसकेको छ।

यसै सन्दर्भमा तीन बर्ष भित्र सम्भाव्य सवै ठाउंमा झोलुङ्गेपुल निर्माण सम्पन्न गर्ने राष्ट्रिय लक्ष्य सफलतापूर्वक हासिल गर्न यथास्थानबाट आवश्यक सहयोग प्रदान गर्न प्रदेश सरकार, स्थानीय तह एवं सवै सरोकारवालाहरु सहित आम जनसमुदायमा समेत संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय हार्दिक अपिल गर्दछ।

सुरेश अधिकारी
सह-सचिव

..................................
सह-सचिव एवं प्रवक्ता
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रलाय

मिति: २७।०७।२०७५